बीमकको संस्थागत सुशासन सम्बन्धी ( पहिलो संशोधन) निर्देशन,  २०८१

बीमा प्राधिकरणबाट स्वीकृत मिति: २०८१।०४।३१

प्रस्तावना: बीमकको संस्थागत सुशासन सम्बन्धी ( पहिलो संशोधन) निर्देशिका,  २०८१ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,  बीमा ऐन, २०७९ को दफा ५ को खण्ड (घ) तथा दफा १६६ ले दिएको अधिकार प्रयोग गरी नेपाल बीमा प्राधिकरणले देहायका निर्देशनहरु जारी गरेको छ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यी निर्देशनको नाम "बीमकको संस्थागत सुशासन सम्बन्धी ( पहिलो संशोधन) निर्देशिका,  २०८१ रहेको छ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ।

२. मूल निर्देशिकाको दफा ३६ को उपदफा (३) मा संशोधन: मूल निर्देशिकाको दफा ३६ को उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छ:-

" (३) बीमा अभिकर्ताले आफू अभिकर्ता भई बीमितको, स्वास्थ्य अवस्था, उपचारको अभिलेख, उमेर आयश्रोत तथा कागजात विवरणहरु पूर्णरुपमा नभरी, ढाँटी वा लुकाई बीमा गरेको वा गराईएको पाईएमा ऐनको दफा १४० बमोजिम बीमा कसुर गरेको मानिनेछ र त्यस्तो बीमालेख सिफारिस गर्ने अभिकर्ताको ईजाजतपत्र रद्द गर्न सकिनेछ।"